# सोताङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### सोताङ, सोलुखुम्बु
### कोशी प्रदेश, नेपाल

पत्र सं. २०८०/८१
च.नं.

**लिलाम बिक्री सम्बन्धि २१ दिने सूचना**

मिति : २०८०/०४/३२

प्रस्तुत विषयमा सोताङ गाउँपालिकाको आ.व. २०८०/८१ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत सोताङ बजार सभाहल निर्माणार्थ सोताङ गाउँ कार्यपालिकाको मिति २०८०/०४/३० को निर्णय बमोजिम हाल ब्याम्बो कटेज परिसरमा रहेको पुरानो स्वास्थ्य चौकी भवन तथा प्रसुती भवन रहेको २ थान भवन भत्काई जग्गा खाली गर्नुपर्ने भएको हुँदा सो भवनमा प्रयोग भएको काठ ,ढुँगा, जस्तापाता लगायतका निर्माण सामग्री न्यूनतम रु. २,००,०००/- ( दुई लाख ) बाट बढाबढमा खुला लिलाम बिकी गरिने भएको हुँदा तपसिलका शर्तहरुको अधिनमा रही इच्छुक व्यक्ती तथा संस्थाहरुलाई जानकारी गराईन्छ ।

**तपशिल :**

१. सामग्रीको विवरण : काठ ,ढुँगा, जस्तापाता लगायतका निर्माण सामग्री
२. न्यूनतम मूल्य: रु. २,००,०००/-
३. लिलाम बढाबढ हुने :
    मिति : २०८०/०५/२१
    स्थान : सोताङ गाउँपालिकाको सभाहल
    समय : दिनको २:०० बजे देखि ३:०० बजे सम्म

४. लिलाम सकार गर्न डाँक बोल्नु अघि नै लिलाम बिक्रीमा सहभागी हुन इच्छुकले न्यूनतम मूल्यको पाँच प्रतिशतले हुने रु. १०,०००/- ( दश हजार ) नगद धरौटी सोताङ गाउँपालिकाको धरौटि खाता खाता नं. ११२५५०१४२९९३९०३५ ( कृषि विकास बैंक ) मा जम्मा गर्नु पर्नेछ ।
५. धरौटि रकम मिति २०८०/०५/२० गते भित्र बुझाइसक्नु पर्नेछ ।
६. धरौटि नबुझाउने व्यक्ती तथा संस्थाहरुलाई लिलाम बिक्रीमा सहभागी गराइने छैन ।
७. लिलाम सकार गरेको सामग्री लिलाम सकार भएको मितिले १५ दिन भित्र उठाई लैजानु पर्नेछ ।
८. लिलाम सकार भएको पक्ष निर्धारित समयभित्र सम्झौतामा नआएमा धरौटी जफत हुनेछ ।

श्रीध्वज राई
नि. प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner